# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, साउन ९ गते, २०७९ साल (संख्या २३

## भाग ५

### न्याय परिषदको

### सूचना

**न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७९**

न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी निर्देशिका, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय परिषद् ऐन, २०७३ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी न्याय परिषद्ले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी निर्देशिका, २०७९ को दफा ५ मा संशोधन:** न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी निर्देशिका, २०७९ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ५ को उपदफा (२) को,-

(क) खण्ड (ग) मा रहेका "र लिखतको मस्यौदा सम्बन्धी कार्य" भन्ने शब्दहरु झिकी सोही खण्डमा रहेका "कम्तीमा वार्षिक पाँचवटाका दरले" भन्ने शब्दहरुको सट्टामा "कम्तीमा वार्षिक पाँचवटा फैसला वा आदेशका दरले कम्तीमा" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ग) पछि देहायको स्पष्टीकरण थपिएको छः-

"स्पष्टीकरणः यस खण्डको प्रयोजनको लगि "दश वर्ष" भन्नाले अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेपछिको जुनसुकै वर्षको गरी कूल दश वर्षको पेशागत अवधि सम्झनु पर्छ।"

३. **मूल निर्देशिकाको दफा ६ मा संशोधन:** मूल निर्देशिकाको दफा ६ को उपदफा (२) मा रहेका "उपस्थित भई" भन्ने शब्दहरु झिकी सोही उपदफामा रहेको "स्वघोषणा" भन्ने शब्द पछि "पेश" भन्ने शब्द थपिएको छ।

**आज्ञाले,**
**देवेन्द्रराज ढकाल**
**सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।–
गो.द.नं. १६।२०६२।६३

कानून